# नौमूले गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## नौमूले,दैलेख
## कर्णाली प्रदेश,नेपाल

नौमूले गाउँपालिका कार्यपालिकको कार्यालय नौमूले, दैलेख कर्णाली प्रदेश,नेपाल

### अत्यावश्यक औषधि खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आब्हानको सूचना
### प्रथम पटक प्रकाशित मिति २०७९/०७/२८

यस गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुको लागि आवश्यक पर्ने औषधिहरु शिलबन्दी दरभाउ पत्रका माध्यम द्वारा खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न इच्छुक रजिस्टर्ड कम्पनि, फर्म तथा सप्लायर्सहरुले निम्न शर्तहरुको अधिनमा रही अलग अलग शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्दी खरिद दस्तुर रु.१,०००/- (फिर्ता नहुने) रकम यस गाउँपालिकाको नाममा एनएमबि बैंक, नौमूले मा रहेको राजश्व खाता नं. १०४००७१७१२४०००७४ मा जम्मा गरि सक्कल भौचर आ.व. ०७९/०८० का लागि नबिकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाण पत्र, औषधि व्यवसायी दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र तथा मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. ०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्र सहित कागजातहरुका प्रतिलिपिहरु संग्लग्न राखी शिलबन्दी दरभाउदाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम खरिदका लागि यस कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

२) प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२.०० बजे भित्र दरभाउपत्र फाराम शिलबन्दी गरि रीतपूर्बक यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता शिलबन्दी दरभाउ फारामहरु सोहि दिनको २.०० बजे दरभाउदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउ खोल्न बाधा पर्ने छैन ।

३) शिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम तपसिलका दरले नौमूले गाउ कार्यपालिकाको कार्यालयको नाममा (एनएमबि बैंकमा रहेको धरौटी खाता न.१०४००७१७१२४०००३१ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद भएको "क" बर्गको मान्यता प्राप्त बैंक ग्यारेन्टी पत्र शिलबन्दी दर भाउपत्र साथ पेश गर्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र स्वीकृत अंकको ५ प्रतिशत बराबरको धरौटी रकम बैंक खातामा दाखिला गरि भौचर वा कार्यालयको नाममा जारी भएको बैंक जमानत शिलबन्दी दर भाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५) दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

६) स्वीकृत शिलबन्दी दरभाउपत्र अनुसारको सामान एकमुस्ट वा आवश्यकता अनुसार खरिद गरिनेछ । सामान सप्लाई गरिने औषधिको म्याद स्टोर दाखिला भएको मितिले कम्तिमा १८ महिना हुनु पर्नेछ । १८ महिना म्याद नहुने औषधिको हकमा कम्तिमा ९ महिना म्याद बाँकी रहेको हुनुपर्नेछ ।

७) रीत नपुगेको दर भाउपत्र माथि कुनै कारबाही गरिने छैन ।

८) दरभाउपत्र स्वीकृत भए पछि सम्झौता बमोजिम कार्यालयले तोकेको समय अवधि भित्र औषधि तथा सामान सप्लाई गर्नु पर्नेछ र औषधिको केही अंश वा सम्पूर्ण औषधि नै बुझाउन नसकेमा सार्वजनिक खरिद नियम बमोजिम कारबाही हुनेछ । सम्पूर्ण करहरु र कार्यलयसम्म ढुवानी गर्दा लाग्ने खर्च शिलबन्दी दरभाउपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।

९) सप्लाई हुने औषधिको प्रत्येक स्ट्रिप र प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, एक्सपायर हुने मिति, ब्याच नम्बर र नेपाल सरकारबाट "निशूल्क वितरण" भनि उल्लेख भएको हुनु पर्नेछ ।

१०) शिलबन्दी दरभाउपत्रका सम्बन्धमा अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयबाट बुझ्न सकिने छ वा नौमूले गाउँपालिकाको वेवसाइट www.naumulemun.gov.np मा हेर्न सकिनेछ ।

११) WHO GMP certified मान्यता प्राप्त उत्पादन कम्पनिहरुबाट उत्पादित औषधिहरु मात्र सप्लाई गर्नु पर्नेछ र औषधि सामानहरु गुणस्तर युक्त certified कम्पनी र नेपाल सरकारबाट बन्देज नलगाइएको हुनुपर्ने साथै टुटेफुटेका, लेबल स्पष्ट नभएकालाई मान्यता दिइने छैन ।

१२) यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

तपसिलः

| ठेक्का न. | विवरण | लागत अनुमान(मू. अ.कर सहित) | जमानत धरौटी रकम रु. | कै. |
|---|---|---|---|---|
| ०१-०७९/०८०(स्वास्थ्य ) | अत्याबश्यक औषधि खरिद कार्य | रु. १३,५०,०००/- | रु. ६७,५००/- | |

(रेशम बहादुर बुढा)
प्रमुख प्रशासकीय अधिकृत

रेशम बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत